# आमचोक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
वालंखा, भोजपुर

प.सः ०८१।०८२
च.नं. ९४८

मितिः२०८२।०१।२८

**विषयः रिक्त पदमा स्थायी शिक्षक सरुवासम्बन्धी सूचना**

श्री यो जो जससँग सम्वन्धित छ।

भोजपुर जिल्ला आमचोक गाउँपालिका वडा नं. ६ अन्तरगतको श्री पृथ्वीजय आधारभूत विद्यालय (०-५) तुम्माडाँडामा रिक्त रहेको प्राथमिक तह तृतीय श्रेणी शिक्षक पदमा सरुवाको प्रक्रिया अगाडी बढाइदिन भनी विद्यालयको च.नं. १७ मितिः२०८२।०१।२३ को पत्रबाट अनुरोध भइ आएकोले सम्वन्धित तहमा योग्यता पुगेका स्थायी शिक्षकहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र शिक्षा नियमावलीको अनुसूची १७ बमोजिमको ढाँचामा सम्वन्धित विद्यालय, स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाइको सहमति सहित सम्बन्धित विद्यालयमा निवेदन दिन शिक्षक सरुवासम्बन्धी निर्देशिका, २०८१ को दफा ९ बमोजिम सम्बन्धित सबैको जानकारीका लागी यो सूचना प्रकाशन गरीएको छ।

**पुनश्चः**

१. तोकिएको म्याद भित्र विद्यालयमा निवेदन पेश गर्न सकिनेछ।

२. म्याद नाघी वा तोकिए बमोजिमको रित नपुगी प्राप्त हुन आएका निवेदन माथि कुनै कारवाही हुने छैन।

.............................

महिनारायण चौधरी

नि. प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थः**

श्री शिक्षा विकास तथा समन्वय इकाइ, भोजपुर।

श्री पृथ्वीजय आधारभूत विद्यालय (०-५) आमचोक गाउँपालिका वडा नं. ६, तुम्माडाँडा।

श्री सूचना तथा प्रविधि शाखाः- सूचना वेवसाइटमा अपलोड गरिदिन हुन।